बैठक संख्या : .......

आज मिति २०७९ साल जेष्ठ ११ गते बुधवार ४ बजे पिपरागाँउपालिकाको अध्यक्ष श्री रामजानकी यादव ज्युको अध्यक्षतामा बैठक बसी निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशिलमा उल्लेखित प्रस्तावहारु माथि छलफल गरियो ।

उपस्थिति :

| क्र.सं. | पद | कार्यालय | नम थर | उपस्थिति |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पिपरा गाउपालिका | श्री रामजानकी यादव | |
| २ | उपाध्यक्ष | पिपरा गाउपालिका | श्री बन्दना पाण्डेय | |
| ३ | वडा अध्यक्ष (१) | पिपरा गाउपालिका | श्री राजेश कुमार दास | |
| ४ | वडा अध्यक्ष (२) | पिपरा गाउपालिका | श्री संजित कुमार यादव | |
| ५ | वडा अध्यक्ष (३) | पिपरा गाउपालिका | श्री किशोरी अधिकारी | |
| ६ | वडा अध्यक्ष (४) | पिपरा गाउपालिका | श्री विदेही पासवान | |
| ७ | वडा अध्यक्ष (५) | पिपरा गाउपालिका | श्री हरिशंकर प्रसाद यादव | |
| ८ | वडा अध्यक्ष (६) | पिपरा गाउपालिका | श्री अरुण कुमार पुर्वे | |
| ९ | वडा अध्यक्ष (७) | पिपरा गाउपालिका | श्री मधुबेन्द्र झा | |
| १० | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | पिपरा गाउपालिका | श्री शम्भु ठाकुर | |

कर्मचारी

१. राजिव कुमार झा स्व.प्र.अ.

**बैठकका प्रस्तावहरु:**

१. धन्यवाद ज्ञापन सम्बन्धमा ।

२. औषधि तथा प्राथमिक स्वास्थय केन्द्र पिपराको व्यवस्थापन सम्बन्धमा ।

३. शिक्षा कार्यविधि २०७४ अनुसार गठन भएका समितिहरु सम्बन्धमा ।

४. आ.ब.२०७८/०७९ को योजना सम्बन्धमा ।

**निर्णयहरु:**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा २०७९ बैशाख ३० गते सम्पन्न भएको स्थानीय तह निर्वाचनमा आफ्नो अमूल्य मत दिन निर्वाचनको प्रक्रियामा सहभागी हुनुभएका आम जनता,महिला,बुद्धिजीवि,सज्जन ब्रिन्द युवा समाजसेवी तथा उक्त कार्य सम्पन्न गर्नमा प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा सरिक भएका निर्वाचन आयोग ,निर्वाचन अधिकृतको कार्यालयको कर्मचारीहरु गा.पा. कर्मचारीहरु,सुरक्षा निकाय पत्रकारहरु लगाएत सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधिको अभाव रहेकोले सो संस्थाहरुको लागि औषधि खरिद गरी यथाशिध्र उपलब्ध गाराउने तथा प्राथमिक स्वास्थ्य केन्द्र पिपरामा चौविसै घण्टा ईमरजेन्सी सेवा सहितको सेवाहरु उपलब्ध गराउन प्रदेश सरकार संग समन्वय गरी उपकरण लगाएत डाक्टरको व्यवस्थापन गरी स्तरीय सेवा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा शिक्षा ऐन नियम संग बाँझिएका पिपरा गा.पा.को शिक्षा कार्यविधि २०७४ अनुसार गठन भएका शिक्षा समिति,विद्यालय व्यस्थांपन समिति लगाएत विभिन्न समिति उपसमितिहरु विगठन गरी शिक्षा ऐन नियम बमोजिम नँया समिति गठन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.ब. २०७८/०७९ को हाल सम्म संचालन भएका योजना र खर्चका विवरण आगामि बैठकमा उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

CamScanner